# दोहोरो भारमा कांग्रेस



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २५ मंसिर

नेपाली कांग्रसलाई यसपटक १५औं महाधिवेशन र आमनिर्वाचनको तयारी सँगसँगै गर्नुपर्ने दबाब परेको छ। पुसको २६-२९ मा महाधिवेशन गर्ने तालिका ल्याएको कांग्रेस टोलटोलमा क्रियाशील सदस्यता नवीकरण र वितरणको काममा सक्रिय छ। यससँगै फागुन २१ का लागि तोकिएको प्रतिनिधि सभाको निर्वाचनको तयारीमा जुट्नुपर्ने भएकाले कांग्रेस दोहोरो 'प्रेसर'मा परेको हो।

प्रतिनिधि सभा निर्वाचनका लागि मंसिर मसान्तसम्म केन्द्रमा आइपुग्नेगरी उम्मेदवार सिफारिस गर्न मातहतका पार्टी कार्यालयलाई केन्द्रीय समितिले निर्देशन दिएको छ। मंसिर १५ गते सम्पन्न केन्द्रीय कार्यसमिति बैठकले निर्णय गरी त्यसैदिन जारी गरेको सर्कुलरमा प्रतिनिधि सभाका लागि प्रत्यक्षतर्फ र समानुपातिकतर्फ तथा राष्ट्रिय सभामा उम्मेदवार सिफारिस पार्टी विधानको धारा ३०, धारा ३३ (२) तथा धारा ६९ बमोजिम सिफारिस गर्न निर्देशन दिएको थियो। सोही बैठकले आगामी पुसको १६ गतेबाट गाउँ/वडा अधिवेशन गर्ने निर्णय गरेअनुसार मातहत जिल्ला समितिमा परिपत्र गरेको छ।

एकैपटक पार्टीको महाधिवेशन र आमचुनावको तयारी गर्नुपर्ने बाध्यतामा रहेका नेताहरू यतिबेला जिल्लाजिल्लामा पुगेर पार्टी बैठकमा केन्द्रित छन्। पार्टी केन्द्रले पठाएका क्रियाशील सदस्यता फारम वडा सभापतिमार्फत भराएर क्षेत्र, जिल्ला, प्रदेश हुँदै केन्द्रमा पठाउने समय अत्यन्तै छोटो छ। झन्डै ९ लाख क्रियाशील सदस्यमध्ये हालसम्म करिब ४ लाखले मात्रै नवीकरण गरेका छन्। ५५ जिल्लाबाट ४ लाखभन्दा बढी सदस्यता नवीकरण गरेको विवरण प्राप्त भएको केन्द्रीय कार्यालयले जनाएको छ। नयाँ सदस्यता भर्खरै पठाएको र नवीकरणका समेत धमाधम आउनेक्रम जारी रहेकाले यकिन तथ्यांक केही दिनमा टुंगो लाग्ने मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।

सातैवटै प्रदेश, १ सय ६५ प्रतिनिधि सभा क्षेत्र, ३ सय ३० प्रदेश सभा क्षेत्र, ६ महानगर, ११ उपमहानगर, सबै नगरपालिका र गाउँपालिका र सबै वडा कार्यसमितिमा परिपत्र गर्दै नयाँ क्रियाशील सदस्यता सहज ढंगले व्यापक रूपमा वितरण गर्न परिपत्र गरेको क्रियाशील व्यवस्थापन समितिका सदस्य एवं कांग्रेस केन्द्रीय सदस्य सीता गुरुङले बताइन्। त्यस्तै, प्रतिनिधि सभाको निर्वाचनको तयारीमा पनि सँगै जुटेको उनको भनाइ छ। 'हामीले एकैपटक दुईवटा काम सँगसँगै लगेका छौं,' गुरुङले मध्यान्हसँग भनिन, 'महाधिवेशनको सबैभन्दा ठुलो काम क्रियाशील सदस्यता नै हो। क्रियाशील सदस्यता सँगै प्रतिनिधि सभा र राष्ट्रिय सभाको चुनावको तयारीलाई व्यापकता दिएका छौं।'

जातीय जनसंख्या, मत संख्या, युवा उमेर समूह, समावेशिता, महिला प्रतिनिधिमा एक तिहाइ र बुद्धिजीवी र विशेष योगदान गरेका व्यक्तिलाई सदस्यता दिएर कांग्रेस सबैको हो भन्ने अपनत्व हुनेगरी नयाँ सदस्य बन्ने व्यक्तिका लागि ढोका खुला गरेर कांग्रेसले जतिसक्दो सदस्यता बढाउने अभियानमा लागेको उनको भनाइ छ। पुस ८ गतेभित्र केन्द्रमा पुग्नेगरी सदस्यता वितरण तथा नवीकरणको चाप बढेको नेता गुङले बताइन्। त्यस्तै, आगामी चुनावका सन्दर्भमा बिहीबारसम्म सम्भावित उम्मेदवारको नाम सिफारिस गरिसक्नुपर्ने कांग्रेसले निर्देशन जारी गरेको थियो। प्रतिनिधि सभाको प्रत्यक्ष/समानुपातिक र माघ ११ मा हुने राष्ट्रिय सभाको निर्वाचनका लागि उम्मेदवारका आकांक्षीहरूको नामावली पठाउने समयसीमा मंसिर २५ सम्म तोकेअनुसार सिफरिस भएर आएको कांग्रेसले जनाएको छ। 'केन्द्रको परिपत्रअनुसार केही जिल्लाबाहेक अधिकांशले सम्भावित उम्मेदवारको सूची पठाइसकेको छ। सामान्य विवादजस्तो देखिएका केही जिल्लाबाट व्यापक छलफल र सहमति गरेर एक/दुई दिनमै आइसक्छ,' केन्द्रीय सदस्य गुरुङले भनिन्। पार्टी महाधिवेशन र चुनावको काम एकैपटक गर्नुपर्दा 'प्रेसर' बढी भए पनि दुवै काम एकैपटक सकिने कुराले केही सहजतासमेत भएको उनको अनुभव छ।

## 'हेभी वेट नेता' कहाँबाट लड्दै छन् चुनाव ?

नेपाली कांग्रेस केन्द्रीय समितिको परिपत्रमा विधानअनुरूप योग्यता पुगेका व्यक्तिमध्येबाट प्रत्यक्षतर्फका लागि बढीमा एक महिलासहित तीन जना र समानुपातिकतर्फ समावेशी सिद्धान्तलाई ध्यानमा राखेर कम्तीमा एक महिलासहित बढीमा दुई जनाको नाम सिफारिस गर्न निर्देशन दिइएको थियो। सोहीअनुसार अधिकांश जिल्लाबाट सम्भावित उम्मेदवारको नाम सिफारिस भएर केन्द्रीय समितिमा आएको छ। कतिपय क्षेत्रले सर्वसहमतिमा एक जना नेताको मात्रै नाम पठाएको छ। कांग्रेस सभापति शेरबहादुर देउवाको एकल नाम डडेल्धुराबाट सिफारिस भएको छ। उनी २०४८ सालदेखि अहिलेसम्मका निर्वाचनमा डडेल्धुराबाटै निर्वाचित हुँदै पाँचपटक प्रधानमन्त्री बनिसकेका छन्। १४औं महाधिवेशनमा देउवासँग सभापतिको प्रत्यासी नेता डा. शेखर कोइरालाको नाम मोरङ क्षेत्र नम्बर ६ बाट एकल सिफारिस भएको छ। कोइराला २०७९ मा पनि यही क्षेत्रबाट निर्वाचित भएका थिए। त्यस्तै, कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नाम सुर्खेत क्षेत्र नम्बर १ बाट एकल सिफारिस भएको छ। २०७९ सालमा पनि खड्काको नाम एकल सिफारिस भएको थियो। त्यही क्षेत्रमा उम्मेदवार भएर विजयी भएका थिए।

उपसभापति धनराज गुरुङको नाम स्याङ्जा क्षेत्र नम्बर १ र २ बाट सिफारिस भएको छ। दुवै क्षेत्रीय समितिले उपसभापति गुरुङको नाम सिफारिस गरेको जिल्ला सभापति राजु थापाले जानकारी दिए। गुरुङ २०७९ मा भएको प्रतिनिधि सभा निर्वाचनमा स्याङ्जा २ बाट प्रत्यक्षतर्फ निर्वाचित भएका थिए। त्यस्तै, महामन्त्री गगन थापाको नाम चारवटा जिल्लाबाट सिफारिस भएर आएको छ। उनलाई काठमाडौं क्षेत्र नम्बर ४ बाट एकल सिफारिस गरिएको छ भने सर्लाही-४, रोल्पा र धनकुटाबाट उनको नाम सिफारिस भएको हो। थापा यसअघि भएका तीन निर्वाचनमा काठमाडौं ४ बाट निर्वाचित सांसद हुन्। महामन्त्री विश्वप्रकाश शर्माको नाम झापा क्षेत्र नम्बर १ बाट प्रत्यक्षतर्फ एकल सिफारिस भएको छ। महामन्त्री शर्मा २०७९ को निर्वाचनमा झापा-१ बाट नेकपा एमालेका उम्मेदवार अग्नि खरेललाई हराएर विजयी बनेका थिए।

सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'को मकवानपुर क्षेत्र नम्बर १ बाट प्रत्यक्षतर्फ सिफारिस भएको छ। उनी २०७९ को निर्वाचनमा पनि त्यही क्षेत्रमा उम्मेदवार बनेर पराजित भएकी थिइन्। सहमहामन्त्री बद्री पाण्डेको नाम प्रतिनिधि सभामा प्रत्यक्षतर्फ बाजुराबाट सिफारिस भएको छ। उनी २०७९ को निर्वाचनमा पनि त्यहीबाट प्रत्यक्ष निर्वाचित भएका थिए। सहमहामन्त्री भीष्मराज आङ्दम्बेको नाम पाँचथरबाट प्रतिनिधि सभाको प्रत्यक्षतर्फ उम्मेदवार सिफारिस भएका कांग्रेस पाँचथर सभापति रूपनारायण जबेगुले बताए। उनी २०७९ को निर्वाचनमा प्रतिनिधि सभामा कांग्रेसबाट उम्मेदवार भएर पराजित भएका थिए।

सहमहामन्त्री जीवन परियार कास्की क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभामा प्रत्यक्षतर्फ सिफारिस भएका छन्। उनी २०७९ को प्रतिनिधि सभामा समानुपातिकतर्फका सांसद हुन्। त्यस्तै, सहमहामन्त्री किशोरसिंह राठोरको नाम प्रतिनिधि सभामा प्रत्यक्षतर्फ बाँके क्षेत्र नम्बर ३ बाट सिफारिस भएको छ। उनी २०७९ को निर्वाचनमा पनि त्यही क्षेत्रबाट निर्वाचित सांसद हुन्। सहमहामन्त्री महेन्द्र यादवको नाम प्रतिनिधि सभाको प्रत्यक्षतर्फ धनुषा क्षेत्र नम्बर ४ बाट सिफारिस भएको छ। उनी २०७९ मा पनि त्यहीबाट उम्मेदवार बनी पराजित भएका थिए। त्यस्तै, पार्टी प्रवक्ता डा. प्रकाशशरण महत काठमाडौं क्षेत्र नम्बर ५ बाट सिफारिस भएका छन्। सो क्षेत्रबाट महतसहित नेता प्रदीप पौडेल, रजनी थापासहित ६ जनाको नाम सिफारिस गरेको हो। २०७४ सालको चुनावमा महत एमाले नेता ईश्वर पोखरेलसँग पराजित भएका थिए। २०७९ उनी समानुपातिकतर्फबाट सांसद हुन्।

त्यस्तै, पूर्वउपसभापति विजयकुमार गच्छदारको नाम सुनसरी क्षेत्र नम्बर ३ बाट प्रत्यक्षतर्फ सिफारिस भएको छ। उनी २०४८ सालदेखि त्यही क्षेत्रमा उम्मेदवार बन्दै आएका छन्। पूर्वउपसभापति विमलेन्द्र निधिको धनुषा क्षेत्र नम्बर ३ बाट प्रत्यक्षतर्फ एकल उम्मेदवार सिफारिस भएका छन्। २०७९ मा समानुपातिक प्रणालीमा बसेका निधि त्यसअघि यही क्षेत्रबाट निर्वाचन लड्दै आएका नेता हुन्। पूर्वमहामन्त्री प्रकाशमान सिंहको काठमाडौं क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा प्रत्यक्षतर्फ सिफारिस भएका छन्। उनी २०७९ को निर्वाचनमा पनि यही क्षेत्रबाट उम्मेदवार बनेर निर्वाचित भएका थिए। पूर्वउपसभापति गोपालमान श्रेष्ठको नाम स्याङ्जा क्षेत्र नम्बर २ बाट सिफारिस भएको छ।

### एमाले महाधिवेशन

# महासचिवमा चर्को रस्साकस्सी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ मंसिर

मंसिर २७ मा ११ महाधिवेशन उद्घाटनको तयारी अन्तिम चरणमा पुगेको नेकपा एमालेमा दुई टिमबीच नोकझोंक चलेको छ। वर्तमान अध्यक्ष केपी शर्मा ओली अध्यक्षमा तेहेरिने र उनलाई रोक्न वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले अध्यक्षको उम्मेदवार घोषणा गरेसँगै दुई टिमका नेताबीच एकअर्काप्रति घोचपेच चलिरहेको छ। आफ्नै नाममा सर्वसम्मत नेतृत्व चयनको योजनामा रहेका ओलीलाई पोखरेलले मतदानमा जानुपर्ने बाध्यतामा पुर्‍याएका हुन्। यद्यपि अन्तिम घडीसम्म दुवै समूहले आफ्नो टिम बनाएका छैनन्। एकअर्काले दुवैको टिम पर्खेर बसेका छन्। ओलीले आफ्नो बनाइसकेपछि मात्रै पोखरेल टिम बनाउने तयारीमा छन्। अध्यक्ष ओलीका पक्षमा रहेका शीर्ष नेता व्यवस्थापनमा सकस मानिरहेका ओलीले अध्यक्षपछिको कार्यकारी पद महासचिवमा कसलाई पठाउने भन्ने निर्णय लिन नसकेको ओली समूहका नेताहरूले बताएका छन्। उनको पछि लागेका वर्तमान उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली र पृथ्वी सुब्बा गुरुङ आगामी महासचिवका लागि व्यग्र दौडमा छन्। ओलीले शंकरलाई नै बनाउन चाहे पनि आफ्नै टिमका नेता विष्णु पौडेल शंकरका लागि सबैभन्दा ठुलो तगारो बनेका छन्। पौडेलले भए आफैं महासचिव हुने नभएर शंकरलाई बनाउन नदिने रणनीति लिएका छन्। उनी आफू नहुँदा प्रदीप वा पीएसलाई महासचिवमा अघि सार्ने योजनामा छन्। अध्यक्ष ओलीले पनि शंकर नहुँदा प्रदीपलाई अघि सार्न सकिने तहमा छलफल चलाएको एमालेका एक पदाधिकारीले बताए। उनले मध्यान्हसँग भने, 'अध्यक्ष सकभर शंकरलाई नै अघि सार्ने कि भन्नेमा हुनुहुन्छ। तर उहाँको पक्षमा दोस्रो तहका नेता सकारात्मक नदेखिँदा उपमहासचिव प्रदीप ज्ञवालीलाई महासचिव बनाउने कि भन्नेमा पनि कुरा चलेकै छन्।' तर महासचिवका लागि विष्णु पौडेल, शंकर पोखरले, प्रदीप ज्ञवाली र पृथ्वी सुब्बाको नाम छलफलकै क्रममा रहेको उनले बताए। त्यस्तै, अर्का अध्यक्षका प्रत्यासी ईश्वर समूहमा पनि महासचिवको पदमा एक भन्दा बढीको आकांक्षा छ। सो समूहबाट वर्तमान उपाध्यक्ष सुरेन्द्र पाण्डे, सचिवहरू योगेश भट्टराई र गोकर्ण विष्टले दाबी गरेका छन्। यद्यपि उक्त समूहमा महाधिवेशन जितिहाल्ने संकेत नदेखेकाले नेताहरूको लडाइँ कम रहेको बताइएको छ। कतिपय नेताहरूले ओली टिममा नअटेका नेताहरूलाई आफ्नो समूहमा ल्याएर चुनाव लडाउने रणनीतिमा बसेको बताएका छन्। 'हामीले अहिले अध्यक्षको मात्रै उम्मेदवारी घोषणा गरेका छौं,' स्थायी कमिटी सदस्य ठाकुर गैरेले भने, 'अध्यक्षबाहेकका पदमा छलफल भइरहेको छ। हामीले अन्तिम समय आएपछि सबै पदमा टिम घोषणा गरेरै जाने चरणमा छौं।' ओली समूहमा नेता व्यवस्थापन घाँडो भइरहँदा ईश्वर पक्षमा मुख्य पदाधिकारीका लागि नै बलिया नेताहरू देखिएका छैनन्। तर उनीहरू ओलीलाई बलियो टक्कर दिने दाबी गर्दै आएका छन्।

तोकेर वा हस्तान्तरण गरेर हुने होइन। नेतृत्वका लागि आफैंले क्षमता देखाउनुपर्छ, आफैं तयार हुनुपर्छ। नयाँ ऊर्जासाथ नेताहरू तयार नहुँदा एमालेमा महाधिवेशनबाट नेतृत्व परिवर्तनको मौका टर्दै गएको छ।

**कोरियाको...**

उच्च अदालतको आदेशपछि ई-७ भिसामा दक्षिण कोरिया कामदार पठाउन सुरु भएको हो ? भन्ने प्रश्नमा विभाग स्रोतले स्पष्ट जबाफ दिएन। स्रोतले भन्यो, 'उच्च अदालत पाटनले उक्त मितिको पत्र कार्यान्वयन नगर्नु भन्ने आदेश दिएपछि हामीले सूचना प्रकाशित गरेर सम्मानित अदालतको आदेश कार्यान्वियन गरेको सार्वजनिक गरेका हौं। कार्यविधिअनुसार कामदार पठाउने विषयमा मन्त्रालयबाट थप निर्देशन आउनुपर्छ।'

नयाँ सरकार गठन हुने समयमा विभागले ई-७ भिसामार्फत रोजगारीका लागि दक्षिण कोरिया पठाइदिन्छु भनी गैरकानुनी रूपमा रकम असुली भइरहेको भन्दै त्यस विषयमा गम्भीर ध्यानाकर्षण भएको बताएको थियो। हाल प्रधानमन्त्री सुशीला कार्कीले नै मन्त्रालयको नेतृत्व गरेका कारण तुरुन्तै कार्यविधि कार्यान्वयनमा जाने विषयमा कतिपयले शंका गरेका छन्।

यसअघि राजदूत फिर्ता बोलाउने निर्णयविरुद्ध परेको रिटमा राजदूतहरूका पक्षमा सर्वोच्च अदालतले आदेश दिएपनि सरकारले राजदूतहरूलाई परराष्ट्र मन्त्रालयमा हाजिर गराएको छ। हाल कोरियाको कार्यविधि कार्यान्वयनमा पनि सरकारले कुनै 'कानुनी बाटो' खोजेर केही समय पर धकेल्ने विश्लेषण पनि सरोकारवालाहरूले गरेका छन्।

कोरियाले ई-९ र ई-७ गरी दुई वटा भिसा प्रणालीमार्फत विदेशबाट कामदार लैजाने गरेको छ। ई-९ भिसा सामान्य कामदारका लागि र ई-७ भिसा दक्ष कामदारका लागि दिइने गरेको छ। उनीहरूले मासिक ३ लाख भन्दा बढी कमाउने बताइएको छ।

**जेनजी...**

ज्यान गएको छ। २ हजार ४ सय २९ जना घाइते भएकामा १७ जना १३ वर्षमुनिका छन्। १३ देखि २८ वर्षका १ हजार ४ सय ३३ जना घाइते रहेका छन्।

मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गत असोज ५ गते समिति गठन गरेको थियो। सो समितिले ७५ दिनपछि बिहीबार आफ्नो प्रतिवेदन बुझाएको हो।

प्रतिवेदनअनुसार समग्र भौतिक क्षति ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँबराबरको भएको छ। जसमध्ये प्रभावित निकाय/संस्था २ हजार १ सय ६८ छन्। २ हजार ६ सय ७१ भवनमा क्षति पुगेको छ। जसमा क्षतिको मूल्यांकन ३९ अर्ब ३१ करोड ७५ लाख रुपैयाँबराबर रहेको छ।

१२ हजार ६ सय ५९ वटा सवारीसाधन क्षतिग्रस्त हुँदा १२ अर्ब ९३ लाख ६१ हजार रुपैयाँबराबरको नोक्सान हुन पुगेको छ।

सरकारी/सार्वजनिक क्षेत्रको ४४ अर्ब ९३ करोड ७३ लाख रुपैयाँबराबरको क्षति भएको छ।

निजी क्षेत्रको क्षतिको मूल्यांकन ३३ अर्ब ५४ करोड ८७ लाख रुपैयाँबराबर छ।

सामुदायिक तथा अन्य क्षेत्रको ५ अर्ब ९७ करोड १७ लाख रुपैयाँबराबरको क्षति भएको छ।

सरकारी क्षतिमा तीन तहमध्ये संघीय सरकारको ६८ प्रतिशत छ भने प्रदेश र स्थानीय तहको क्रमशः १० र २२ प्रतिशत छ।

समितिले पुनर्निर्माण कार्ययोजना पनि पेस गरेको छ। पुनर्निर्माण गर्न ३६ अर्ब ३० करोड २१ लाख रुपैयाँबराबरको बजेट आवश्यक पर्ने अनुमान गरिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार पुनर्निर्माण कार्ययोजनालाई सरकारले निर्णय गरेपछि कार्यान्वयनमा लगिनेछ।

**एमालेमा...**

पछि हटेका छन् भने वरिष्ठ उपाध्यक्षको उम्मेदवारी पनि असंगत देखिन्छ। ७० वर्ष उमेर हदको विरोध गरिरहेका ७१ वर्षीय पोखरेल आफैं मैदानमा उत्रिएका छन्। अध्यक्ष ओलीको उमेर हाराहारीकै उपाध्यक्ष अष्टलक्ष्मी शाक्य र युवराज ज्ञवाली पनि तेहेरिने गृहकार्य गर्दै छन्।

अध्यक्ष ओलीलाई नेतृत्वमा तेहरिने वातावरण बनाउनमा मुख्यतः उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलको हात छ। उनीहरूले पार्टी नेतृत्वमा दाबी गरेको भए परिस्थिति अर्कै पनि हुन सक्थ्यो।

१०औं महाधिवेशनमा पौडेल र पोखरेल दुवैले महासचिव बन्ने आकांक्षा राखेका थिए। अन्तिममा विद्या भण्डारीको समेत सल्लाह लिएर ओलीले शंकर पोखरेललाई महासचिव बनाए। यसबीचमा ओलीले पौडेलको समन्वयकारी कला र पोखरेलको वैचारिक क्षमता भरपुर उपयोग गरे। त्यसो त ओलीको छाता ओढेर दुवै नेताले देशभर गुटबन्दीको अभ्यास पनि नगरेका होइनन्। तर उनीहरूको गुटबन्दी लुम्बिनी प्रदेशमै सीमित हुन पुग्यो, देशभर फैलिन पाएन्। एकले अर्कालाई रोक्ने रणनीतिमा दुवै नेताले ११औं महाधिवेशनमा पनि ओलीकै नेतृत्व भन्न थाले। अध्यक्ष ओलीको चाहना बुझेर पनि उनीहरूले त्यसो भनेका हुन सक्छन्। तर पौडेल र पोखरेल एक ठाउँ उभिएर नेतृत्व दाबी गर्ने आँट गरेको भए न ओलीले ७० वर्षे उमेरहद हटाउन सक्थे न त दुई कार्यकालको प्रावधान।

त्यसो त यसबीचमा ओली र पोखरेल दुवै समूहभित्रबाटै विष्णु पौडेल र शंकर पोखरेललाई अध्यक्षमा उठाउने प्रयास पनि भएका हुन्। केही समय मौन बसेर उपमहासचिव पृथ्वीसुब्बा गुरुङ र पौडेलले पार्टीभित्र जनमत बुझ्ने प्रयास पनि गरे। पौडेल आए वरिष्ठ उपाध्यक्ष पोखरेलले मैदान छाड्नेसम्मको रणनीति विद्या भण्डारी समूहले बनाइएको थियो। तर पौडेलले त्यो आँट गरेनन्।

उता शंकर पोखरेललाई पनि पूर्वराष्ट्रपति भण्डारीनिकट नेताहरूले अध्यक्षमा उठाउने कोसिस गरेका थिए। शंकर अध्यक्ष र योगेश भट्टराई महासचिव उठ्नेगरी प्यानलको गृहकार्य पनि गरिएको थियो। अध्यक्ष ओलीलाई वैधानिक रूपमा पार्टी संरक्षक बनाएर शंकरको नेतृत्वमा पार्टी अघि बढाउनेबारे समेत सघन छलफल भएको थियो। तर महासचिव पोखरेल स्वयं तयार भएनन्। यसरी एमालेमा नेतृत्व हस्तान्तरणको मुद्दा पेचिलो बन्न पुग्यो।

दलहरूमा नेतृत्वको उत्तराधिकारी

**स्थानीय सरकार**

**हेलम्बु गाउँपालिका**

ཡུལ། ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས།།

**गाउँ कार्यपालिकाको कार्यालय**

**हेलम्बु, सिन्धुपाल्चोक**

**बागमती प्रदेश, नेपाल**

**बोलपत्र आह्वान सम्बन्धी सूचना ।**

**(सूचना प्रकाशित मितिः २०८२/०८/२६)**

यस हेलम्बु गाँउपालिकाको आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्य बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएको हुँदा तपसिलमा उल्लेख भएको ठेक्काको लागि इच्छुक ईजाजत प्राप्त निर्माण व्यवसायीहरूले यो सूचना प्रकाशित भएको मितिले १७ औं दिन, मिति २०८२/०९/१३ को दिन १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp बाट Online bidding गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| S N | IFB No. | Description of works | Bid Security Amount (NRs.) | Price of Bid Document | Estimate cost including PS but without VAT & Contingencies (NRs.) | Bid Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | 01-02-082-83 NCBW-HRM-Re | Siureni Sichai Ward-06, Helambu (Re-notice) | 2,90,000.00/- | 3000.00/- | 1,01,86,994.20/- | 90 |

**नोटः**
बोलपत्र सम्बन्धी अन्य जानकारीका लागि हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**